नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

# आ.व. २०८३/०८४ को साउन र भदौ महिनाको प्रगति विवरण

---

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

## १. साउन महिना

- आ.व. २०८२/८३ को वार्षिक प्रगति समीक्षा सम्पन्न।
- कार्यालयको वार्षिक प्रतिवेदन, २०८२/८३ प्रकाशन।

## २. भदौ महिना

### २.१ गणना तथा सर्वेक्षण कार्यक्रम

- नेपाल श्रमशक्ति सर्वेक्षण (चौथो): ९० गणना क्षेत्रको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न।
- राष्ट्रिय आर्थिक गणना, २०८२: डेटा इन्ट्री तथा भेरिफिकेसन कार्य जारी।
- स्वास्थ्य संस्था सर्वेक्षण, २०८२: डेटा इन्ट्री तालिम सम्पन्न; डेटा इन्ट्री कार्य जारी।
- व्यावसायिक तरकारीबाली सर्वेक्षण, २०८२: डेटा इन्ट्री तालिम सम्पन्न; डेटा इन्ट्री कार्य जारी।
- नेपाल स्थल यातायात सर्वेक्षण, २०८२: डेटा इन्ट्री तथा डेटा भ्यालिडेसन कार्य जारी।
- राष्ट्रिय औद्योगिक सर्वेक्षण, २०८३: प्रश्नावली परीक्षण कार्य जारी।
- मत्स्यपालन सर्वेक्षण: सूचीकरणसम्बन्धी तालिम सम्पन्न; सूचीकरण कार्य जारी।
- व्यावसायिक चिया तथा कफी खेती सर्वेक्षण, २०८३: सूचीकरण तालिम सम्पन्न; सूचीकरण कार्य जारी।
- उखुखेती अध्ययन, २०८३: सूचीकरण कार्य जारी।
- SEEA Forest Ecosystem Accounting सम्बन्धी सरोकारवाला निकायहरूसँगको अन्तरक्रिया कार्यशाला सम्पन्न।
- अन्तरजनगणना जनसाङ्ख्यिकीय तथा समावेशीकरण सर्वेक्षणको विधि विकाससम्बन्धी छलफल सम्पन्न।
- ५ वटा गणना क्षेत्रको नक्शाङ्कन अद्यावधिक।
- खानेपानी तथा सरसफाइ विषयगत प्रतिवेदनको समीक्षा सम्पन्न।
- NMICS स्न्यापसट तयारी, बाल वञ्चितीकरण विश्लेषण भ्यालिडेशन र NMICS Plus प्रश्नावली तयारीसम्बन्धी कार्यशाला सम्पन्न।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

## २.२ नियमित कार्यक्रम

- साउन महिनाको मासिक समीक्षा सम्पन्न।
- कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८३ तयार।
- आ.व. २०८२/८३ को चौथो त्रैमासिकको कृषि उत्पादक मूल्य सूचकाङ्क प्रकाशन।
- आ.व. २०८२/८३ को चौथो त्रैमासिक तथा वार्षिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क प्रकाशन।
- नयाँ आधार वर्षमा आधारित राष्ट्रिय लेखा अनुमानसम्बन्धी विज्ञ तथा सरोकारवालासँग अन्तरक्रिया सम्पन्न।
- आपूर्ति र उपभोग तालिका (Supply and Use Tables – SUTs) निर्माण कार्य जारी।
- जनसङ्ख्या तथा जनगणनासम्बन्धी ऐतिहासिक दस्तावेज प्रकाशनसम्बन्धी छलफल सम्पन्न।
- सुर्खेत मोडल कलेज र सुर्खेत बहुमुखी क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थी गरी जम्मा २२० जनालाई आधिकारिक तथ्याङ्कसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- तथ्याङ्क समन्वय कार्यालय, मोरङ र तथ्याङ्क समन्वय कार्यालय, काठमाडौंद्वारा तथ्याङ्कीय क्षमता अभिवृद्धि तालिम सञ्चालन।
- क्व्होलासोथार गाउँपालिका (लमजुङ), अजिरकोट गाउँपालिका (गोरखा), तिलागुफा नगरपालिका (कालिकोट), तातोपानी गाउँपालिका (जुम्ला) र चुरे गाउँपालिका (कैलाली) मा तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन; कुल सहभागी सङ्ख्या २९८ जना।
- पञ्चपुरी, सुर्खेतमा प्राध्यापक, विद्यार्थी तथा व्यापारीहरू गरी ५० जनाको सहभागितामा तथ्याङ्क प्रदायक अन्तरक्रिया कार्यक्रम सञ्चालन।
- देबताल गाउँपालिका (बारा) र बलरा नगरपालिका (सर्लाही) को पालिका प्रोफाइल तयार।
- सूक्ष्म तथ्याङ्क (माइक्रोडाटा) बिक्री।